सिद्धार्थनगर नगरपालिकाको वित्तिय सुधार गर्न नगरपालिका बैठकबाट पारित भई पेश हुन आएको नगरपालिकाको वित्तिय सुधार योजना Comprehensive Financial Management Improvement Plan (CFMIP) स्वीकृत गर्ने निर्णय गरियो ।

# सिद्धार्थनगर नगरपालिकाको
## नगरपालिकाको वित्तिय सुधार योजना
## Comprehensive Financial Management Improvement Plan (CFMIP)

<u>तयारी मितिः</u> २०६८ मंसिर

**क) लेखा प्रणाली**

**मुख्य मुद्दाहरुः**

- आ.व. २०६७।६८ मा फछ्र्योट हुन वांकी पेश्की रु ५ लाख ५५ हजार रहेको । जसमध्ये अधिकांस पुराना पदाधिकारीहरुसंग पेश्की वाँकी रहेको ।
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको अनुसूची ६८ अनुसारको ठेकदार, उपभोक्ता समिति र गैससको ब्यक्तिगत खातामा योजनागत खर्चको विवरण अद्यावधिक हुन नसकेको ।
- स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको अनुसूची ३५ अनुसारको बैंक ग्यारेन्टी लेजर राख्ने नगरिएको ।
- नगरपालिकाको विभिन्न निर्माण कार्यहरु जस्तो सडक, सतह ढल, भवन, फोहरमैला ब्यवस्थापन आदिमा भएको खर्चको अलग अगल विवरण प्राप्त हुन नसक्ने अवस्था रहेको ।

**सुधार योजनाः**

| **सुधारका कार्यहरु** | **अपेक्षित उपलब्धी** | **समयावधी** | **जिम्मेवारी** |
|---|---|---|---|
| पुरानो पेश्कीहरु फछ्र्यौटकोलागि कार्यदल गठन तथा छानविन गरी फछ्र्योटकोलागि नगरपालिका वोर्ड तथा परिषद समक्ष प्रतिवेदन पेश गर्ने | करिव २५ प्रतिशत पेश्की तथा वेरुजु फछ्र्यौट हुने | २०६९, असार | पेश्की तथा वेरुजु फछ्र्यौट कार्यदल र आर्थिक प्रशासन महाशाखा |
| स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको अनुसूची ६८ अनुसारको ठेकदार, उपभोक्ता समिति र गैससको ब्यक्तिगत खाता राख्ने । | प्रत्येक योजनामा भएको कारोवारको अद्यावधिक विवरण प्राप्त हुने र योजनाको वास्तवित लागत एकीन हुने । | २०६८ पौष | योजना महाशाखा |
| बैक ग्यारेन्टीहरुको अनुगमन तथा नियन्त्रणकोलागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको अनुसूची ३५ वमोजिमको बैंक ग्यारेन्टी लेजर राख्ने । | नगरपालिकाकोलागि जारी भएका सबै बैक ग्यारेन्टीहरुको अवस्था तुरुन्त प्राप्त हुने । | २०६८, पौष | योजना महाशाखा |
| स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको अनुसूची १९ वमोजिमको मुख्य भौतिक पूर्वाधार निर्माण कार्यहरु जस्तो सडक, ढल, नाला, वातावरण, खानेपानीमा भएको खर्च अनुसारको सहायक खाता राख्ने । | नगरपालिकाका योजना तर्जुमा तथा अनुगमनकोलागि आवश्यक सूचना उपलब्ध हुने | २०६८।६९ देखि | योजना महाशाखा |

## ख) प्रोदभावी लेखा प्रणाली

**मुख्य मुद्दाहरुः**

- स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीले प्रोदभावी लेखा प्रणाली राख्नुपर्ने व्यवस्था गरेता पनि नगरपालिकाले नगद प्रवाहमा आधारित कम्प्युटकृत लेखा प्रणाली राखि आएको
- स्थानीय विकास मन्त्रालयले प्रोदभावी लेखा प्रणाली संचालन कार्यविधि तयार भै सकेको र कम्प्युटर सफ्टवयर निर्माण प्रकृयामा रहेको ।

**सुधार योजनाः**

| सुधारका कार्यहरु | अपेक्षित उपलब्धी | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| निम्न निकायहरुका प्रतिनिधिहरु समावेश गरी प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन कार्यदल गठन गर्ने ।<br>● आर्थिक प्रशासन महाशाखा प्रमुख<br>● राजश्व शाखा प्रमुख<br>● वित्तीय शाखा प्रमुख<br>● योजना महाशाखा प्रमुख<br>● जिन्सी शाखा प्रमुख | आ.व. २०७०।७१ देखि प्रोदभावी लेखा प्रणाली शुरुवात हुने । | आ.व २०६८।६९ भित्र | नगरपालिका वोर्ड |
| स्थीर सम्पत्तिहरुको (जमिन, भवन, फर्निचर, उपकरण, सवारी साधन, पुंजिगत योजनाहरुको कार्य प्रगति विवरण आदि) मौज्दातको सूची अद्यावधिक गरी सम्पत्तिहरुको मूल्यांकन गर्ने (यस्ता सम्पत्तिहरुको वास्तविक लागत उपलब्ध हुन कठिन हुने हुनाले वर्तमान वजार मूल्यको आधारमा मूल्यांकन गर्ने) | स्थीर सम्पत्तिहरुको सूची र सो को मूल्य निर्धारण हुने | असार, २०७० सम्म | प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन कार्यदल |
| स्टोरमा रहेका उपभोग्य सम्पत्तिहरुको (मसलन्द, विजुलीका सामान, सफाई समाग्री, निर्माण सामग्री आदि) मूल्यांकन गर्ने । | स्टोर मौज्दातको मूल्य निर्धारण हुने | असार, २०७० सम्म | प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन कार्यदल |
| भुक्तानी दिन वांकीको विवरण तयार गर्ने (सप्लायर्स, ठेकदार, समुदायवाट जम्मा गरेको पेश्की, धरौटी प्राप्त रकम आदि) | भुक्तानी दिन वांकी रकम निश्चित हुने | असार, २०६९ देखि प्रत्येक बर्ष | प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन कार्यदल |
| असुल गर्न वांकी आसामिहरुको विवरण अद्यावधिक गर्ने । (यस्तो विवरणमा सेवा प्रदान गरे वापत असुल गर्न वाँकी रकम, वांकी भाडा रकम, जम्मा गरेको धरौटी, असुल गर्न वाँकी कर रकम आदि पर्दछन् । | असुल गर्न वाँकी रकम निर्धारण हुने | असार, २०७० सम्म | प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन कार्यदल |
| भुक्तानी दिन वाँकी कर्मचारी सुविधा निर्धारण गर्ने (उपदान, विदा सुविधा, औषधि खर्च आदि) | कर्मचारीहरुलाई तिर्न वाँकी दायित्व निश्चित हुने । | असार, २०७० सम्म | प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन कार्यदल |
| प्रोदभावी लेखा प्रणाली संचालन कम्प्युटर सफ्टवयर स्थानीय विकास मन्त्रालयवाट प्राप्त गरी स्थापना गर्ने । (स्थानीय विकास मन्त्रालयवाट सफ्टवेयर प्रयोगमा ल्याउन निर्देशन भएको अवस्थामा) | कम्प्युटर सफ्टवयर सिस्टम स्थापना हुने | आ.व. २०६९।७० भित्र | कार्यकारी अधिकृत र आर्थिक प्रशासन महाशाखा |

| | | | |
|---|---|---|---|
| सम्वन्धित शाखाका कर्मचारीहरुलाई प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तालिम उपलब्ध गराउने । | नगरपालिकाका कर्मचारीहरु प्रोदभावी लेखा प्रणाली तथा सफ्टवयर संचालनमा दक्षहुने | आ.व. २०६९।७० भित्र | आर्थिक प्रशासन महाशाखा |

**ग) वजेट तर्जुमा**

**मुख्य मुद्दाहरुः**

- नियमावलीमा आर्थिक बर्ष शुरुहुनु भन्दा ६ महिना पहिले नै बजेट तर्जुमा गर्नुपर्ने ब्यवस्था भएतापनि धेरै ढीलो वजेट स्वीकत भएको (नयां आर्थिक वर्ष शुरु हुनु भन्दा केही दिन अघि मात्र)
- आ.व. २०६६।६७ र २०६७।६८ मा वजेट अनुमान भन्दा आय तर्फ क्रमस ३ र २६ प्रतिशत तथा खर्च तर्फ १ र १८ प्रतिशत बढी प्रगति भएको ।
- नगरपालिकावाट राजनैतिक दलका प्रतिनिधिहरु र नगरपालिकाका आर्थिक प्रशासन महाशाखा प्रमुख रहेको वजेट तथा योजना तर्जुमा समिति, विषयगत समितिहरु र राजश्व परामर्श समिति गठन भई वजेट तर्जुमा प्रकृयामा सम्लग्न हुने गरेको ।
- एकीकृत शहरी विकास परियोजना अन्तर्गत थप सहरी सुविधाहरु (सडक, सतह ढल, फोहरमैला ब्यवस्थापन पूर्वाधार आदि) स्थापना हुने र निर्माण पश्चात सो को संचालन तथा मर्मत सम्भारकोलागि आवश्यक बजेटको ब्यवस्था गर्नुपर्ने ।
- नगरपालिकाले मर्मत सम्भार कोषको स्थापना गरी साना तिना मर्मत गरेता पनि मर्मत सम्भारकोलागि आवश्यक वजेटको अभाव

**सुधार योजनाः**

| **सुधारका कार्यहरु** | **अपेक्षित उपलब्धी** | **समयावधी** | **जिम्मेवारी** |
|---|---|---|---|
| आगामी आर्थिक बर्षको निमित्त उपलब्ध हुने स्रोत र साधनको अनुमान गर्ने | आय वजेटको सिलिङ्ग प्राप्त हुने | मंसिर मसान्त | आ.प्र. महाशाखा प्रमुख तथा कार्याकारी अधिकृत |
| वडा समितिहरुलाई आयोजना छनौट तथा कार्यकम तर्जुमा सम्वन्धी मार्ग दर्शन उपलब्ध गराउने । | राष्ट्रिय नीति, लक्ष तथा प्राथमिकता अनुरुपका योजना छनोटको आधार प्राप्त | पौषको पहिलो हप्तामा | योजना महाशाखा र कार्यकारी अधिकृत |
| वडा समितिले योजनाको प्राथमिकता कम तोकी नगरपालिकामा पेश गर्ने । | योजनाले जनताका वास्तविक मागको संवोधन हुने | पौषको दोस्रो हप्ता भित्रमा | वडा भेला र वडा समितिको कार्यालय |
| योजनाहरुको जांचबुझ गरी विषयगत समितिहरु, राजश्व परामर्श समिति तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी आफ्नो स्रोत तथा साधनले भ्याउने योजनाहरु छनोट गर्ने । | श्रोत तथा साधनको प्राथमिकताप्राप्त क्षेत्रमा समन्वयतात्मक उपयोग हुने । | पौषको तेस्रो हप्ता | वजेट समिति |
| नगरपालिका मार्फत वार्षिक योजना तथा वजेट नगरपरिषदमा स्वीकृतिकोलागि पेश गर्ने । | आर्थिक बर्ष शुरु हुनु भन्दा ६ महिना पहिले नै वजेट तथा कार्यक्रम स्वीकृत हुने | पौषको तेस्रो हप्ता | न.पा. वोर्ड |
| वास्तविकतामा आधारित रही वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्ने । | यथार्थ परक वजेट तथा कार्यक्रम तर्जुमा | पौष मसान्त सम्म | नगरपरिषद |
| भौतिक तथा वित्तीय प्रगतिको पुनरावलोकन गर्ने । | नियमावली तथा वजेट तर्जुमा मार्गदर्शनको ब्यवस्थाको पालना | चौमासिक रुपमा | नगरपालिका वोर्ड |

| | | | |
|---|---|---|---|
| एकीकृत शहरी विकास परियोजना अन्तर्गत निर्माण हुने शहरी सुविधाहरुको संचालन तथा संभारकोलागि आवश्यक वजेटको व्यवस्था गर्ने । | नगरपालिकाले निर्माण गरेका सहरी सुविधाहरुको संचालन तथा मर्मत संभारकोलागि वजेट सुनिश्चित हुने । | आ.व. २०७३।७४ को वजेट देखि | योजना महाशाखा, आर्थिक प्रशासन महाशाखा, नगरपरिषद |
| एकीकृत शहरी विकास परियोजना अन्तर्गत प्राप्त हुने ऋणको सांवा तथा ब्याज भुक्तानीकोलागि नियमित रुपमा वजेट व्यवस्था गर्ने । | सांवा ब्याज भुक्तानी नियमित र सुनिश्चित हुने । | आ.व. २०७३।७४ देखि | नगरपरिषद |

**घ) राजश्व संकलन**

**मुख्य मुद्दाहरु:**

- नगरपालिकाले एफ्एम रेडीयो, विज्ञापन तथा सूचनावाट कर जनचेतना अभियान संचालन गरी आएता पनि करदाताहरुमा कर तिर्नुपर्ने दायित्व वोध कम भएको ।
- नगरपालिकाले एकीकृत सम्पत्ति करलागु गर्न प्रयास गरीआएता पनि मूल्यांकन (जग्गा) प्रकृया थालनी नभएकोले हालसम्म लागु हुन नसकेमा आगामी आ.व. देखि एकीकृत सम्पत्ति कर लागु गर्न तयारी शुरु गरिएको ।
- नगरपालिकाका करिव १२००० घरजग्गा कर करदाताहरु मध्ये ६००० करदाताहरुले घरजग्गा कर तिर्ने गरेको र २९०० करदाताको विवरण कम्प्युटरमा तथ्यांक रहेको ।
- मालपोतको मूल्यांकन दर अनुसार नगरपालिकाले जग्गाको मूल्यांकन गर्ने गरेको
- नगरपालिकाले ठूला करदाताहरुलाईमात्र कर रकम बुझाउन अनुरोध पत्र पठाउने गरेको ।
- नगरपालिकाले नगरपालिकामा प्रवेश गर्ने विदेशमा दर्ता भएका सवारी साधनहरुमा राजमार्गहरुमा लिने गरेको प्रदुषण शुल्कवाट उल्लेख्य आय आईरहेकोमा चालु आ.व. देखि सरकारवाट उक्त कर उठाउन रोक लगाईएको ।
- नगरपालिकाले हालसम्म वार्षिक सवारी कर लागु गरेता पनि असुली प्रभावकारी नभएको ।
- नगरपालिका तथा स्थानीय उद्योग वाणिज्य संघ वीचको व्यवसाय कर असुलीमा साझेदारी भएको ।
- नगरपालिकामा व्यवसाय करको विवरण कम्प्युटरमा राखिएतापनि कम्प्यटर सफ्टवयरमा नभएको ।
- नगरपालिकाले विभिन्न पेशागत संघ संस्थासंग व्यवसायको लगत संकलनकोलागि वडा समिति समेतलाई परिचालन गरी बक्यौता असुली तथा लगत लिने कार्य शुरु गरेको ।
- नगरपालिकाका रहेका करिव ५००० व्यवसायहरु मध्ये आ.व. २०६७६८ सम्ममा करिव २९०० व्यवसाय नगरपालिकामा दर्ता भई ति मध्ये करिव ९०० करदाताले नियमित रुपमा कर तिरी आएका ।
- नगरपालिकाले बर्षमा करिव ४०० नक्सा पास गर्ने गरेको र नक्सा पास सम्वन्धि विवरण हातैले लेखेर अभिलेन राख्ने गरेको ।
- नक्सापासको विवरण सहजै प्राप्त गर्न नसकिने अवस्था रहेको ।
- नगरपालिकाले सरसफाई शुल्कवापत प्रति घरधुरी वार्षिक शहरी क्षेत्रमा रु ३०० र ग्रामिण क्षेत्रमा २०० र व्यवसाय करमा व्यवसाय करको १५ प्रतिशत सरसफाई शुल्क लिने गरेको भएतापनि असुली रकम अत्यन्त न्यून रहेको ।
- एकीकृत सहरी विकास परियोजनावाट स्थापना हुने विषेशगरी फोहरमैला व्यवस्थापन तथा सतह निर्माण योजना संचालनकोलागि थप खर्च आवश्यक हुने ।

**सुधार योजनाः**

| **सुधारका कार्यहरु** | **अपेक्षित उपलब्धी** | **समयावधी** | **जिम्मेवारी** |
|---|---|---|---|
| **कर जनचेतना अभियान** | | | |
| वडा समितिहरुको सकृय सहभागितामा कर सम्वन्धि जनचेतना अभियानलाई नियमित गर्ने । | नगरवासीमा कर सजनचेतना अभिबृद्धि भई राजश्व संकलनमा सहजता हुने । | नियमित कार्यक्रमको रुपमा लैजाने | राजश्व शाखा<br>वडा समिति<br>अन्य शाखाहरु |
| कर जनचेतना अभियान र राजश्व संकलनमा सुधारसंगै सेवा प्रदान प्रकृयामा सुधार ल्याउने । | करदाता मैत्रि कर प्रशासन | तुरुन्त तथा नियमित | सवै विभागहरु |
| **एकीकृत सम्पत्ति कर** | | | |
| एकीकृत सम्पत्ति करलागु गर्न एकिकृत सम्पत्ति कर विनियम पारित गर्ने । | एकीकृत सम्पत्ति करलागु गर्न प्रकृया तथा विधीहरुमा स्पष्टता तथा कानूनी आधार प्राप्त हुने । | २०६८, पौष | वित्तीय शाखा, आर्थिक प्रशासन महाशाखा र नगरपरिषद |
| सम्पत्तिको मूल्यांकनकोलागि मूल्यांकन समिति गठन गर्ने । | समिति गठन हुने । | २०६८ माघ भित्र | न.पा. वोर्ड |
| एकीकृत सम्पत्ति करको सफ्टवयर स्थापना तथा फाईल तथा र्‍याकको ब्यवस्था गर्ने । | कर लागु गर्नकोलागि पूर्वाधार तयार हुने । | २०६९ जेष्ठ भित्र | वित्तीय शाखा |
| करदातासंग एकीकृत सम्पत्तिको विवरण आह्वान गरी विवरण कम्प्युटर सफ्टवयरमा राख्ने । | करदाताहरुको विवरण राख्ने कार्य शूरु हुने | २०६९ असार देखि | वित्तीय शाखा |
| २०६९।७० देखि एकीकृत सम्पत्ति कर लागु गर्नको मूल्यांकन दर तथा करको दर निर्धारण गर्ने । | सम्पत्ति मूल्यांकन र करको दर निर्धारण हुने | २०६९ असार मसान्त सम्म | नगरपारिषद, (न.पा. वोर्ड) |
| एकीकृत सम्पत्ति करको विवरणलाई घर नम्वर तथा भौगोलिक सूचना प्रणालीसंग आवद्ध गर्ने । | करको दायरा फराकिलो हुनगई नगरपालिकाको आन्तरिक श्रोत बृद्धि हुने । | २०७०।७१ मा १० प्रतिशत<br>२०७१।७२ मा २० प्रतिशत<br>२०७२।७३ मा ३० प्रतिशत<br>(चौथो बर्षमा सवै) | वित्तीय शाखा<br>GIS शाखा |
| एकीकृत सम्पत्तिको कर विजक जारी गर्ने । | सवै करदाताहरुलाई नगरपालिकालाई बुझाउनु पर्ने रकमवारे जानकारी | २०७०।७१ देखि शुरु | वित्तीय शाखा |
| **सवारी कर** | | | |
| नगरपालिकाको सवारी कर चुक्ता भएको प्रमाण विना यातायात ब्यवस्था कार्यालयले सवारी धनी प्रमाणपत्र नविकरण नगर्ने ब्यवस्था मिलाउन प्रकृया शुरु गर्ने । | सवारी करवापत नगरपालिकालाई अपेक्षित राजश्व प्राप्त हुने | २०६८ माघ | नगरपालिका वोर्ड, कार्यकारी अधिकृत आर्थिक प्रशासन मशाखा र राजश्व शाखा |
| नगरको भित्र सडकहरुमा प्रवेश गर्ने स्वदेशि तथा विदेशी सवारी साधानहरुमा पटके सवारी कर राजश्व ठेक्का मार्फत असुली कार्य शुरु गर्ने । | नगरपालिकाको राजश्व वृद्धी हुने। र वार्षिक सवारी कर तिर्न नैतिक दवाव सिर्जना हुने । | २०६८ माघ | नगरपालिका वोर्ड, आर्थिक प्रशासन महाशाखा, राजश्व शाखा |

| | | | |
|---|---|---|---|
| **ब्यवसाय कर** | | | |
| ब्यवसाय करकोलागि कम्प्युटर सफ्टवयर स्थापना गरी तालिम दिलाउने र नगरपालिकामा रहेको ब्यवसायको अभिलेख कम्प्युटर सफ्टवयरमा राख्ने । | ब्यवसाय कर अभिलेख प्रणाली ब्यवस्थित र आय असुलीमा सुधार हुने । | २०६९, माघ | आर्थिक प्रशासन महाशाखा र राजश्व शाखा तथा कार्यकारी अधिकृत |
| कार्यालयवाट टोली गठन गरी वडा समिति तथा उद्योग वाणिज्य संघ समेतको सहयोगमा स्थलगत रुपमा ब्यवसायको लगत संकलन गरी अभिलेख राख्ने, संचालनमा नभएका ब्यवसायहरुको लगत कट्टा गराई विवरण अद्यावधिक गर्ने तथा ब्यवसाय कर असुलीलाइ निरन्तरता दिने । | ब्यवसायको अभिलेख अद्यावधिक हुने र वार्षिक १० प्रतिशतले नयां करदातालाई करको दायरमा ल्याउने | नियमित | कर असुली टोली र राजश्व शाखा |
| ब्यवसाय कर र सवारी करलाई विवरणलाई एकीकृत सम्पत्ति करको विवरणसंग आवद्ध गर्ने । | एक द्वार कर असुली प्रणालीको शुरुवात हुने । | २०७०।७१ मा १० प्रतिशत<br>२०७१।७२ मा २० प्रतिशत<br>२०७२।७३ मा ३० प्रतिशत (चौथो बर्षमा सवै) | राजश्व शाखा र वित्तीय शाखा |
| **नक्सापास शुल्क** | | | |
| घरनक्सा पास विवरणलाई विद्युतिय प्रणालीवाट अभिलेख राख्ने तथा अद्यावधिक गर्ने । | अभिलेख प्रणालीमा सुधार हुने | आ.व. २०६९।७० देखि | नक्सा पास शाखा |
| भौगोलिक सूचना प्रणाली र वित्तीय शाखावीच निकटतम सम्वन्ध स्थापना गर्ने । | समन्वयमा सुधार हुने | आई यु डि पीको सहयोगमा भौगोलिक सूचना प्रणाली तयारी कार्य सम्पन्न भएपछि | वित्तीय शाखा<br>नक्सा पास शाखा<br>GIS शाखा |
| **फोहरमैला ब्यवस्थापन सेवा शुल्क** | | | |
| फोहरमैला संकलनमा निजी क्षेत्रलाई परिचालन गर्न अवधारणा पत्र तयार गरी (फोहर उत्पादनको आधारमा) कार्यान्वयनमा ल्याउने प्रकृया शुरु गर्ने । | निजी क्षेत्रको सहभागिता सम्वन्धी अवधारणामा स्पष्टा आउने । | २०६९ जेष्ठ | फोहरमैला ब्यवस्थापन शाखा र नगरपालिका बोर्ड |
| हालको सरसफाई सेवा शुल्क असुलीको आधार तथा दररेट लाई पुनरावलोकन गरी शहरी सेवा शुविधा पुगेको क्षेत्रमा लाग्ने एकीकृत सम्पत्ति करको निश्चीत प्रतिशत सेवा शुल्क लिने ब्यवस्था गर्ने । | सरसफाई ब्यवस्थापनकोलागि रकम संकलन कार्यको शुरुवात हुने । | आ.व. २०६९।७० देखि | नगरपरिषद र वित्तीय शाखा |
| एकीकृत सहरी विकास परियोजनावाट उपलब्ध हुने थप सेवा तथा सुविधा संचालनकोलागि एकीकृत सहरी सुविधा पुगेका क्षेत्रमा सम्पत्ति | एकीकृत शहरी विकास कार्यक्रम मार्फत तयार भएका संरचनाहरुको संचालन तथा मर्मत सम्भारकोलागि रकम | आ.व. २०७२।७३ देखि | नगरपरिषद र वित्तीय शाखा |

| | | | |
|---|---|---|---|
| करमा थप २० प्रतिशत हुनेगरी सेवा शुल्क लिने ब्यवस्था लागु गर्ने । | संकलन हुने । | | |

**ङ) आन्तरिक लेखा परीक्षण**

**मुख्य मुद्दाहरुः**

- नगरपालिकामा आन्तरिक लेखा परीक्षण शाखा स्थापना नभएतापनि प्रशासन शाखा प्रमुखलाई आन्तरिक लेखा परीक्षण गर्ने जिम्मेवारी दिईएको ।
- नगरपालिकाकाले एक जना सहायक स्तरको कर्मचारीलाई आन्तरिक लेखा परीक्षकको सहयोगीको खटाएको ।

**सुधार योजनाः**

| **सुधारका कार्यहरु** | **अपेक्षित उपलब्धी** | **समयावधी** | **जिम्मेवारी** |
|---|---|---|---|
| आन्तरिक लेखा परीक्षण शाखाको स्थापना गर्ने । | आलेपकोलागि संस्थागत ब्यवस्था हुने | २०६८, माघ | न.पा. वोर्ड, कार्यकारी अधिकृत, प्रशासन शाखा |
| २०६८ को फाल्गुण देखिको कारोवारको नियमित आ.ले.प. गर्ने | आन्तरिक नियन्त्रण प्रणालीमा सुधार | महिना समाप्त भएको एक हप्ता भित्र | आ.ले.प. शाखा |
| स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको अनुसूची ७४ ले सिफारिश गरे वमोजिम मासिक आन्तरिक लेखा परीक्षण प्रतिवेदन तयार गरी कार्यकारी अधिकृत समक्ष पेश गर्ने । | आन्तरिक नियन्त्रण प्रणालीमा सुधार | महिना समाप्त भएको दुई हप्ता भित्र | कार्यकारी अधिकृत आ.ले.प. शाखा |

**च) अन्तिम लेखा परीक्षण**

**मुख्य मुद्दाहरुः**

- आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र अन्तिम लेखा परीक्षण सम्पन्न गर्नुपर्ने ।
- आ.व. २०६६।६७ सम्मले अन्तिम लेखा परीक्षण सम्पन्न भएको ।
- आ.व. २०६७।६८ को अन्तिम लेखा परीक्षण कार्य सम्पन्न भई प्रतिवेदन तयारीको क्रममा रहेको ।

**सुधार योजनाः**

| **सुधारका कार्यहरु** | **अपेक्षित उपलब्धी** | **समयावधी** | **जिम्मेवारी** |
|---|---|---|---|
| आ.व. २०६९।७० र त्यसपछिको आर्थिक बर्षहरुकोलागि अन्तिम लेखा परीक्षक नियुक्त गर्ने । | समयमै लेखा परिक्षण सम्पन्न हुने । | प्रत्येक बर्षको मंसिरमा | नगरपरिषद र नपा वोर्ड |

**छ) भण्डार तथा खरिद**

**मुख्य मुद्दाहरुः**

- नगरपालिकाले खरिद इकाई गठन गरी चालु आ.व. को खरिद योजना नगर परिषदवाट पारित गरेको ।
- जिन्सी सामानको अभिलेख जिन्सी उपशाखामा हातले राख्ने गरिएको र पुराना सामानहरुको मूल्य नखुलेको ।

- आर्थिक प्रशासन शाखामा सम्पत्तिको मुल्य सहितको अभिलेख राख्ने नगरेको ।

**सुधार योजनाः**

| सुधारका कार्यहरु | अपेक्षित उपलब्धी | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| नयां प्राप्त हुने सामग्री तथा सम्पत्तिको मुल्य सहितको जिन्सी मौज्दात विवरण राख्ने अनिवार्य गर्ने । | सुधारिएको अभिलेख प्रणालीले प्रोदभावी लेखा प्रणाली शुरु गर्न सहयोग पुग्ने । | २०६९ श्रावण देखि | जिन्सी शाखा |
| जिन्सी मौज्दातको विवरणलाई लेखा शाखाको सम्पत्ति खातासंग आवद्ध गर्ने । | विवरण अद्यावधिक हुने | प्रोदभावी लेखा प्रणाली लागु भएपछि | जिन्सी शाखा<br>आ.प्र. महाशाखा |
| कम्प्यटराईज्ड जिन्सी अभिलेख प्रणाली राख्ने र कर्मचारीहरुलाई सफ्टवयर संचालन तालिम दिने । | अभिलेख प्रणालीमा सुधार तथा मानव संसाधनको वचत | २०७० असार भित्र | सफ्टवयर सप्लायर्स<br>जिन्सी शाखा |

**ज) सार्वजनिक निजी साझेदारी**

**मुख्य मुद्दाहरुः**

- नगरपालिकाले सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार भौतिक पुर्वाधार तथा शहरी सेवा उपलब्ध गराउने कार्यको शुरुवात भएको । उदाहरणकोलागिः तरकारी वजार (हाटवजार), मेन रोडमा रहेका ट्री गार्डहरुको व्यवस्थापन
- नगरपालिकाले सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार थप शहरी सुविधा उपलब्ध गराउने परियोजना पहिचान गरी सार्वजनिक सूचना आह्वान गरेतापनि कार्यान्वयन हुन वांकी रहेको । उदाहरणकोलागिः वेलहिया वस पार्कको निर्माण

**सुधार योजनाः**

| सुधारका कार्यहरु | अपेक्षित उपलब्धी | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| सार्वजनिक निजी साझेदारीमा संचालन भएका योजनाहरुको आवधिक प्रतिवेदन तयार गर्ने । उक्त प्रतिवेदनले निम्न विषयवस्तुलाई समावेश हुनुपर्नेः<br>• सेवाको विवरण<br>• वजेट तथा यथार्य आय व्यय<br>• प्राप्त तथा समाधान भएका गुनासा<br>• कर्मचारीहरुको विवरण | अनुगमन तथा प्रतिवेदनमा सुधार हुने | २०६८ पौष देखि प्रत्येक चौमासिकमा | योजना महाशाखा |
| सार्वजनिक निजी साझेदारी मार्फत संचालनमा आएको तरकारी वजार ( हाटवजार) संचालनको आवधिक प्रतिवेदनको अध्ययन विश्लेषणको आधारमा संझौता पुनरावलोकन गर्नुपर्ने देखिएमा संसोधित संझौता पत्र तयार गरी निजी क्षेत्रसंग छलफल शुरु गर्ने । | सुधारिएको तथा दिगो सेवा प्रदान हुने | २०६९, असार | योजना महाशाखा, आर्थिक प्रशाखा महाशाखा र न.पा. वोर्ड |

**झ) वित्तिय सुधार योजनाको अनुगमन प्रणाली**

**मुख्य मुद्दाहरुः**

- नगरपालिकाले वित्तीय सुधार योजना कार्यान्वयनकोलागि एउटा कार्यदल गठन गरेको भएतापनि अनुगमनको स्पष्ट व्यवस्था नभएको ।

**सुधार योजनाः**

| **सुधारका कार्यहरु** | **अपेक्षित उपलब्धी** | **समयावधी** | **जिम्मेवारी** |
|---|---|---|---|
| तयार गरिएको वित्तीय सुधार योजनाको प्रगतिलाई चौमासिक रुपमा वोर्ड बैठकमा प्रस्तुत गरी नियमित अनुगमन गर्ने । | वित्तीय सुधार योजनाको कार्यान्वय सुनिश्चित हुने | प्रत्येक चौमासिकको अन्त्यमा | वित्तीय सुधार योजना कार्यान्वयन कार्यदल |

**ञ) वित्तिय सुधार योजनाको राजश्व अभिबृद्धिको क्षेत्रमा उल्लेख भएका कृयाकलापहरु मध्ये तत्कालै शुरु गर्नुपर्ने प्राथमिकता प्राप्त कृयाकलापहरुः**

१. एकीकृत सम्पत्ति कर लागु गर्नकोलागि विनियम तर्जुमा, सम्पत्ति मूल्यांकन, विवरण संकलन आदि कार्य सम्पन्न गरी आ.व. २०६९।७० देखि एकीकृत सम्पत्ति कर लागु गर्ने ।
२. स्थानीय उद्योग वाणिज्य संघको समन्वय तथा आन्तरिक राजश्व कार्यालयको सहयोग समेत लिई वडागत रुपमा व्यवसायको लगत संकलन गरी कम्प्युटर सफ्टवयरमा व्यवसायको अभिलेख राख्ने ।
३. फोहरमैला संकलनमा निजी क्षेत्रको परिचालन गर्न अवधारणा पत्र तयार गरी कार्यान्वयनमा ल्याउने प्रकृया शुरु गर्ने ।